# मध्यवर्ती क्षेत्र (उद्योग स्थापना र सञ्चालन) मापदण्ड, २०८०

मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम २० को उप-नियम (३) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले मध्यवर्ती क्षेत्रमा स्थापना र सञ्चालन हुने उद्योगहरुका सम्बन्धमा देहाय बमोजिमको मापदण्ड बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो मापदण्डको नाम मध्यवर्ती क्षेत्र (उद्योग स्थापना र सञ्चालन) मापदण्ड, २०८० रहेको छ ।

(२) यो मापदण्ड राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) "उद्योग" भन्नाले मध्यवर्ती क्षेत्रमा स्थापना र सञ्चालन हुने वन पैदावारमा आधारित उद्योग वा अन्य उद्योगलाई सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले राष्ट्रिय निकुञ्ज तथा आरक्ष कार्यालय सम्झनु पर्छ ।

(ग) "नियमावली" भन्नाले मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ सम्झनु पर्छ ।

(घ) "मापदण्ड" भन्नाले मध्यवर्ती क्षेत्रमा (उद्योग स्थापना र सञ्चालन) मापदण्ड, २०८० सम्झनु पर्छ ।

(ङ) "विभाग" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली २०५२ को नियम ८ बमोजिम गठन भएका उपभोक्ता समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद १

## मापदण्डको उद्देश्य र प्रयोग

३. <u>उद्देश्यः मापदण्डको उद्देश्य देहाय बमोजिम हुनेछः</u>

(क) मध्यवर्ती क्षेत्रमा जैविक विविधता तथा प्राकृतिक वातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरी वातावरणमैत्री उद्योग स्थापना तथा सञ्चालनको व्यवस्था गर्ने ।

(ख) मध्यवर्ती क्षेत्रमा स्थापना र सञ्चालन हुने उद्योगको स्थापना र सञ्चालनमा एकरुपता कायम गर्ने ।

४. <u>मापदण्डको प्रयोगः</u> देहायका संस्था वा व्यक्तिहरुले यस मापदण्डको प्रगोग गर्ने, गराउने छन् ।

(क) राष्ट्रिय निकुञ्ज तथा आरक्ष कार्यालय,

(ख) उद्योग दर्ता गर्ने कार्यालय वा निकाय, (संघ, प्रदेश र स्थानीय तहका अधिकार प्राप्त निकाय)

(ग) उपभोक्ता समूह वा समिति,

(घ) मध्यवर्ती क्षेत्रमा स्थापना तथा सञ्चालन गर्ने उद्योग, साझेदार, व्यवस्थापक वा सो सञ्चालन गर्ने अधिकार र जिम्मेवारी पाएको व्यक्ति वा संस्था,

(ङ) मध्यवर्ती क्षेत्र वा वन्यजन्तु एवं वातावरणसँग सरोकार राख्ने कुनै संस्था, समूह वा व्यक्ति ।

५. **मापदण्डको प्रयोग गर्नु पर्ने अवस्थाः** देहायका अवस्थामा यो मापदण्डको प्रयोग गर्नु पर्नेछ ।

(क) मध्यवर्ती क्षेत्रमा उद्योग स्थापना वा सञ्चालनका लागि सो उद्योग दर्ता गर्ने सिलसिलामा मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम २० बमोजिम विभागले लिखित सहमति दिनु परेमा,

(ख) मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम २० को उपनियम (२) बमोजिम विभागको लिखित सहमतिबाट मध्यवर्ती क्षेत्रमा स्थापना र सञ्चालन गर्ने उद्योग दर्ता गर्दा वा सहमति दिंदा,

(ग) खण्ड (ख) बमोजिम दर्ता गरी मध्यवर्ती क्षेत्रमा उद्योग स्थापना एवं सञ्चालन गर्दा गराउदा ।

## परिच्छेद २

## उद्योगको वर्गीकरण

६. **मध्यवर्ती क्षेत्रमा स्थापना र सञ्चालन हुन सक्ने उद्योगको वर्गीकरणः** मध्यवर्ती क्षेत्रमा प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना तथा सञ्चालन हुन सक्ने उद्योगहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छः

**(क) वन पैदावारमा आधारित उद्योगः**

१) सः मिल र फर्निचर उद्योग

२) पार्टीकल बोर्ड, कम्पोजीट उड, प्लाईउड, पारकेट, भेनीएर र सलाई उद्योग

३) कत्था उद्योग

४) रोजिन एण्ड टरपेनटाइन उद्योग

५) जडिबुटी प्रशोधन,

६) नेपाली कागज, कागज, अल्लोको कपडा, वेतवांस तथा बाँसका समाग्री , दुना टपरी उद्योग

७) वन पैदावारमा आधारित हस्तकला उद्योग

८) नर्सरी स्थापना, जडीबूटी खेती

**(ख) पर्यटनमा आधारित उद्योगः**

१) होटल, लज, रेष्टुरेन्ट र टेण्टेड क्याम्प

२) वोटिङ (डुंगा सयर), क्यानोईङ्ग

३) हात्ती सफारी

४) जङ्गल सफारी/ जङ्गल ड्राईभ

५) अन्य साहसिक पर्यटकीय क्रियाकलाप

**(ग) पशुपालन उद्योगः**

१) गाई, भैसी, सुङ्गुर, बंगुर, कुखुरा, मौरी पालन वा यस्तै अन्य उद्योग

२) माछा पालन

३) दूग्ध प्रशोधन तथा दूग्ध पदार्थ उत्पादन

**(घ) जलस्रोतमा आधारित उद्योग**

१) भूमिगत एवं सतही पानीमा आधारित मिनरल वाटर उत्पादन

(ङ) **नदीजन्य तथा खानीजन्य पदार्थ सम्बन्धी उद्योग**

१) ढुङ्गा, गिट्टी, ग्राभेल, वालुवा खन्ने, झिक्ने वा चाल्ने उद्योग

२) क्रसर उद्योग

३) ईटाभट्टा

**(ज) कपडा गार्मेण्ट वा गलैंचा उद्योगः**

**(झ) अन्य उद्योग** (रंग रोगन, साबुन, जुत्ता तथा छालाबाट उत्पादन हुने सामग्री लगायत वातावरण सरक्षण नियमावली २०७७ का अनुसूचीमा रहेका उद्योग आदि)

**७. सहमति दिइनेः** (१) दफा ६ बमोजिम वर्गीकरण गरिएका उद्योगहरुलाई दर्ता गर्ने सम्बन्धमा विभागले लिखित सहमति दिंदा मापदण्डको पालना गर्ने गराउने गरी सहमति दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ६ बमोजिम बर्गीकरण गरिएका मध्ये वन पैदावारमा आधारित उद्योगमा खण्ड (क) को १ देखि ५ सम्म समावेश उद्योगहरु र नदीजन्य तथा खानीजन्य पदार्थ सम्बन्धी उद्योग एवं प्रचलित कानुन बमोजिम वातावरणीय अध्ययन गर्नु पर्ने उद्योग बाहेक अन्य उद्योगहरूको हकमा सम्बन्धित निकुञ्ज वा आरक्ष कार्यालयले मापदण्डको पालना गर्ने गराउने गरी लिखित सहमति दिन सक्नेछ । यसरी सहमति दिंदा सोको जानकारी विभागलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ६ खण्ड (ग) मा कृषिमा आधारित उद्योगको हकमा वातावरणमा प्रतिकूल असर पार्नसक्ने कुखुरापालन र बंगुरपालन उद्योगहरु र प्रचलित कानुन बमोजिम वातावरणीय अध्ययन गर्नु पर्ने उद्योग बाहेकका र दफा ६ खण्ड (ख) पर्यटनमा आधारित चिया पसल क्यूरियो/सोभिनियर पसल लगायतका साना तथा घरेलु उद्योगहरूको हकमा सम्बन्धित उद्योग कार्यालयले यस मापदण्डमा उल्लेखित शर्तहरु पालना गर्ने गराउने कवुलियतिनामा गराइ सोको पालना नभएमा सञ्चालक स्वयं कानुनअनुसारको भागिदार हुने स्वघोषणा गर्न लगाइ उद्योग दर्ता गर्न सक्नेछ र सोको जानकारी सम्बन्धित निकुञ्ज वा आरक्ष कार्यालयलाइ दिनु पर्नेछ ।

(४) उपदफा (१), (२), र (३) बमोजिम सहमति दिंदा तोकेको मापदण्ड/शर्तको पालना गर्नु उद्योग सञ्चालक एवं सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

## परिच्छेद ३

## उद्योग स्थापना तथा सञ्चालन मापदण्ड

**८. मापदण्ड/शर्तहरुः** दफा ७ वमोजिम विभाग वा कार्यालयले सहमति दिंदा वा उद्योग दर्ता गर्ने निकायले देहाय बमोजिमका उद्योगहरुलाई देहाय बमोजिमका मापदण्ड/शर्तहरुको पालना गर्ने गराउने गरी सहमति दिन वा दर्ता गर्नेछ ।

**८.१ वन पैदावारमा आधारित घरेलु उद्योगः**

(क) स:मिल र फर्निचर उद्योग:

१. स:मिल तथा फर्निचर उद्योगमा छत्तीस इन्च भन्दा बढिको करौती (Band Saw) राख्न पाइने छैन ।

२. स्थापना हुने उद्योगले सम्बन्धित प्रदेश सरकारले निर्धारण गरेको वन क्षेत्र र उद्योग बीचको दुरी कायम राख्नु पर्नेछ ।

३. काठ आपूर्तिको स्रोत र परिमाण प्रष्टरुपमा खुलेको व्यवसायिक योजना संलग्न रहेको हुनु पर्नेछ ।

४. उद्योग सेड घरभित्र सञ्चालक गर्नु पर्नेछ ।

५. ध्वनी प्रदूषण कम हुने र धुलोबाहिर आउन नपाउने व्यवस्था मिलाउनु पर्नेछ ।

६. उद्योगबाट निकासी पैठारी र मौज्दात काठ वा काठबाट बनेका सामग्रीको लिखित लगत वा विवरण दुरुस्त राख्नु पर्नेछ । मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति र निकुञ्ज तथा आरक्ष कर्मचारीले खोजेका बखत जुनसुकै समयमा सोको विवरण वा लगत देखाउनु पर्नेछ ।

७. उद्योग सञ्चालकले निकासी, पैठारी र मौज्दात काठ वा काठबाट बनेका सामग्रीको विवरण त्रैमासिक रुपमा सम्बन्धित निकुञ्ज वा आरक्ष कार्यालयमा पेश गर्नु पर्नेछ ।

(ख) पार्टीकल बोर्ड, कम्पोजीट उड, प्लाईउड, पारकेट, भेनीएर र सलाई उद्योग:

१. कच्चा पदार्थको स्रोत स्पष्ट खुलेको हुनु पर्नेछ ।

२. स्थापना हुने उद्योगले सम्बन्धित प्रदेश सरकारले निर्धारण गरेको वन क्षेत्र र उद्योग बीचको दुरी कायम राख्नु पर्नेछ ।

३. कच्चा पदार्थ आपूर्तिको स्रोत र परिमाण प्रष्टरुपमा खुलेको व्यवसायिक योजना संलग्न रहेको हुनु पर्नेछ ।

४. अनुसन्धान परीक्षणबाट सफल भएका आयातित (Exotic) प्रजातिको काठलाई प्राथमिकता दिनु पर्नेछ ।

५. उद्योग सञ्चालकले निकासी, पैठारी र मौज्दात वन पैदावर र यसबाट निर्मित वस्तु तथा सामग्रीको विवरण वार्षिक रुपमा सम्बन्धित निकुञ्ज वा आरक्ष कार्यालयमा पेश गर्नु पर्नेछ ।

(ग) कत्था उद्योग:

१. वन क्षेत्रबाट कम्तिमा सम्बन्धित प्रदेशले कायम गरेको दूरीमा मात्र उद्योग स्थापना गर्न पाइनेछ।

२. उद्योगमा प्रयोग गरिने कच्चा पदार्थ खयर काठ आपूर्तिको स्रोत खुलाई पेश गर्नु पर्नेछ ।

३. कच्चा पदार्थ आपूर्तिको स्रोत र परिमाण प्रष्टरुपमा खुलेको व्यवसायिक योजना संलग्न रहेको हुनु पर्नेछ ।

४. उद्योगबाट उत्पादन हुने फोहोर र रसायिनक पदार्थ वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी व्यवस्थापन गरिने सम्बन्धमा व्यवसायिक योजनामा प्रष्ट रुपमा उल्लेख भएको हुनु पर्नेछ ।

५. उद्योग सञ्चालकले निकासी, पैठारी र मौज्दात वन पैदावर र यसबाट निर्मित वस्तु तथा सामग्रीको विवरण वार्षिक रुपमा सम्बन्धित निकुञ्ज वा आरक्ष कार्यालयमा पेश गर्नु पर्नेछ ।

(घ) **रोजिन एण्ड टरपेनटाइनः**

१. कच्चा पदार्थको स्रोत र स्थान खुलाउनु पर्ने ।

२. रोजिन संकलन गर्न मध्यवर्ती क्षेत्रको व्यवस्थापन योजना वा मध्यवर्ती सामुदायिक वन कार्ययोजनामा उल्लेख भएको परिमाणमा वन तथा वातावरण मन्त्रालयले तोकिदिएको नाप, साइज र प्रविधि (Rill Method) मा रहने गरी मात्र संकलन गर्नु पर्ने ।

३. फोहोर र रसायनिक पदार्थ व्यवस्थित वा नष्ट गर्ने व्यवसायिक योजना संलग्न हुनु पर्ने ।

४. स्थापना हुने उद्योगले सम्बन्धित प्रदेश सरकारले निर्धारण गरेको वन क्षेत्र र उद्योग बीचको दुरी कायम राख्नु पर्ने ।

५. उद्योग सञ्चालकले निकासी, पैठारी र मौज्दात वन पैदावर र यसबाट निर्मित वस्तु तथा सामग्रीको विवरण वार्षिक रुपमा सम्बन्धित निकुञ्ज वा आरक्ष कार्यालयमा पेश गर्नु पर्नेछ ।

(ङ) **जडीबूटी खेती उत्पादन, जडिबुटी नर्सरी स्थापना :**

१. बिउ, वोट वा विरुवा आपूर्ति गरिने स्रोत खुलाउनु पर्ने ।

२. कार्यालयबाट स्वीकृत लिएको अवस्थामा बाहेक वाह्य प्रजातिका विरुवा उत्पादन र वृक्षारोपण गर्न पाइने छैन।

३. नर्सरीबाट उत्पादित बोट विरुवा स्थानीय व्यक्ति वा समुदायलाई प्राथमिकतामा राखी उपलव्ध गराउनु पर्नेछ ।

४. प्रशोधन गर्दा निस्कने रसायन तथा फोहोर व्यवस्थापन गर्ने विषय व्यवसायिक योजनामा समावेश भएको हुनु पर्नेछ ।

५. कार्यालयले खटाएका कर्मचारीले माग गरेका वखत उद्योगसंग सम्बन्धित कागजात तथा उत्पादन भएका सामान तथा कच्चा पदार्थ देखाउनु पर्नेछ ।

६. उद्योग सञ्चालकले निकासी, पैठारी र मौज्दात वन पैदावर र यसबाट निर्मित वस्तु तथा सामग्रीको विवरण वार्षिक रुपमा सम्बन्धित निकुञ्ज वा आरक्ष कार्यालयमा पेश गर्नु पर्नेछ ।

(च) **नेपाली कागज, अल्लोको कपडा, वेतवांस, दुना टपरी उद्योगः**

१. कच्चा पदार्थको स्रोत र वार्षिक माग व्यवसायिक योजनामा खुलाउनु पर्नेछ ।

२. कच्चा पदार्थ उपलव्ध गर्ने सम्बन्धमा मध्यवर्ती सामुदायिक वनको हकमा स्वीकृत कार्ययोजनामा उल्लेख भए अनुसार हुनेछ ।

३. कवुलियती वा मध्यवर्ती सामुदायिक वनले प्रस्तावित उद्योगलाई कच्चा पदार्थ दिने सहमति भएको भए सो सहमतिको पत्र पेश गर्नु पर्नेछ ।

४. लोक्ता प्रयोग कम्तिमा पनि जमिनभन्दा माथिको हाँगाबिङ्गबाट मात्र प्रयोग गर्नु पर्ने वा प्राविधिकको सल्लाह अनुसार वा कार्ययोजनामा उल्लेख भए अनुसार प्रयोग गर्नु पर्नेछ ।

५. मध्यवर्ती सामुदायिक वनले कच्चा पदार्थ उपलव्ध गराउंदा प्रत्येक वर्ष छुट्टा छुट्टै ठाउंबाट चक्रीय प्रणाली (Rotational Basis) मा कच्चा पदार्थ उपलव्ध गराउने व्यवस्था गर्नु पर्नेछ ।
६. उद्योगबाट निस्केका फोहोर व्यवस्थापन योजना व्यवसायिक योजनामा समावेश हुनुपर्नेछ ।
७. उद्योगबाट निस्कने रसायनिक पदार्थ पानीको स्रोतमा छाड्न पाइने छैन ।
८. कार्यालयले खटाएका कर्मचारीले माग गरेका वखत उद्योगसंग सम्बन्धित कागजात, कच्चा पदार्थ एवं उत्पादन भएका सामान तथा उत्पादन प्रक्रिया देखाउनु पर्नेछ ।
९. उद्योग सञ्चालकले निकासी, पैठारी र मौज्दात वन पैदावर र यसबाट निर्मित वस्तु तथा सामग्रीको विवरण वार्षिक रुपमा सम्बन्धित निकुञ्ज वा आरक्ष कार्यालयमा पेश गर्नु पर्नेछ ।

८.२ पर्यटनमा आधारित उद्योगः

(क) होटल, लज, रेष्टुरेन्ट र टेण्टेड क्याम्पः

१. होटल, रेष्टुरेन्ट, लजको ढाँचा स्थानीय परिवेश, सामाजिक र सांस्कृतिक पहिचान झल्काउने किसिमको हुनु पर्नेछ ।
२. व्यवसायको लागि संरचना निर्माण गर्दा स्थानीय कच्चा पदार्थको प्रयोगलाई प्राथमिकता दिनुपर्ने ।
३. होटल, रेष्टुरेन्ट, लजमा वस्तुहरुको मूल्य सूची राख्नु पर्नेछ ।
४. होटल, रेष्टुरेन्ट, लजमा पार्किङको लागि पर्याप्त स्थान, बाटो, पानी आदिको सुविधा भएको हुनु पर्नेछ ।
५. होटल/लज वरपर वृक्षारोपण गरी हरियाली कायम गर्नु पर्नेछ ।
६. निष्कासित फोहोर मैला व्यवस्थापनको विषय व्यवसायिक योजनामा समावेश भएको हुनु पर्ने र निष्कासित फोहोरहरु (तरल तथा ठोस पदार्थ) नजिकको सिमसार खोलानाला नदी एवं पानीको स्रोतमा मिसिन नदिने व्यवस्था गरेको हुनु पर्नेछ ।
७. होटल/लज परिसरमा निर्माण गरिने सेफ्टी टंकी/पानी टंकीको माथिल्लो छोप्ने भाग मजबुद एवं जमिन भन्दा तिन फिट माथि उठाई बनाउनु पर्नेछ ।
८. होटेल लज सुरक्षार्थ निर्माण हुने पर्खाल, छेकाबार, तारबार वन्यजन्तुमैत्री हुनुपर्नेछ ।
९. सार्वजानिक सिमसार, खोला नाला, घोल, ताल, तलैया वा वन क्षेत्रसँग जोडिएको जग्गामा होटल/लज निर्माण गर्दा सम्बन्धित स्थानीय तहको मापदण्ड बमोजिम तथा अन्य प्रचलित कानुन बमोजिम छोड्नु पर्ने दुरी अनिवार्य कायम गर्नुपर्नेछ । साथै संरचनाहरु निर्माण गर्नु पूर्व स्थानीय तहबाट नक्सा पास गराएर मात्र निर्माण कार्य शुरु गर्नु पर्नेछ ।

(ख) वोटिङ (डुंगा सयर) तथा क्यानोईङ्ग

१. डुंगामा सवार यात्रीको लागि लाइफ ज्याकेट र आकस्मिक उपचार सम्बन्धी सामग्री साथमा राखेको हुनु पर्नेछ ।
२. डुंगा सयर गर्ने गराउने स्थान प्रष्ट खोलेको हुनु पर्नेछ ।

३. डुंगा र चालकको विवरण कार्यालयमा दर्ता हुनु पर्नेछ । डुङ्गामा कार्यालयले तोके बमोजिम रङ्गरोगन गर्ने र चालकले समेत तोकिएबमोजिमको रङ्गको ज्याकेट लगाउनुपर्नेछ ।

४. डुंगा चलाएको कम्तिमा २ वर्षको अनुभव भएको डुंगा चालकले मात्र डुंगा चलाउन पाउनेछ ।

५. डुंगा सयर गर्ने गराउने क्रममा सङ्कटापन्न अवस्थामा रहेका गोही, डल्फीन, कछुवा, लगायतका जलचरको वासस्थान एवं बास्कीङ्ग क्षेत्रमा अवतरण गर्न गराउन पाइने छैन ।

६. डुंगामा सवार पर्यटकलाई वन्यजन्तु चलाउन पक्रन वा तर्साउन नपाउने र सम्भावित आक्रमणबाट जोगिने उपायहरुको अग्रीम जानकारी गराउने व्यवस्था मिलाउनुपर्नेछ ।

**(ग) हात्ती सफारी**

१. सफारीमा प्रयोग हुने हात्तीको स्रोत र सोको प्राप्तिको कानूनी अवस्था स्पष्ट खुलेको हुनु पर्नेछ ।

२. मध्यवर्ती सामुदायिक वन, कबुलियती वा निजी वन क्षेत्रमा हात्ती सफारी गर्दा गराउदा सम्बन्धित वन कार्ययोजनामा उल्लेख भएमा मात्र सफारी अनुमति प्रदान गरिनेछ ।

३. सम्बन्धित निकुञ्ज वा आरक्ष कार्यालयबाट तोकिएको मार्गमा मात्र हात्ती सफारी गराउन पाईनेछ ।

४. हात्तीको सन्तुलित आहार, खानपान, उचित रेखदेख गर्ने प्राविधिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

५. मध्यवर्ती सामुदायिक वन, कबुलियती वा निजी वन क्षेत्रमा हात्ती चरीचरण गर्दा गराउदा सम्बन्धित वन कार्ययोजनामा सो व्यवस्था उल्लेख भएमा मात्र सम्बन्धित उपभोक्ता समूहको सिफारिससाथ सम्बन्धित कार्यालयबाट अनुमति लिई चरीचरण गराउन पर्नेछ ।

६. हात्ती सफारीमा बढीमा चार जना पर्यटक सवार गर्ने र एकपटकमा बढीमा एक घण्टा तीस मिनेट भन्दाबढी सवार गर्न पाइने छैन ।

७. हात्तीमा पर्यटकको सुरक्षाको लागि उपकरणहरुको व्यवस्थाका साथै उचित हौदा तथा गद्दाको व्यवस्था हुनुपर्नेछ ।

८. अशक्त, बुढा, सुत्केरी र गर्भवती हात्ती सफारीमा प्रयोग गर्न पाईने छैन ।

९. हात्ती र फणित (हात्ती चालक) को स्पष्ट पहिचान खुल्ने विवरण कार्यालयमा अग्रिम उपलब्ध गराउनु पर्नेछ ।

**(घ) जङ्गल सफारी/ जङ्गल ड्राईभः**

१. सफारीमा प्रयोग हुने सवारीको सिट क्षमता सम्बन्धित राष्ट्रिय निकुञ्ज तथा आरक्ष नियमावलीले ताके बमोजिम स्पष्ट खुलेको तथा कायम भएको हुनु पर्नेछ र सीटक्षमता भन्दाबढी पर्यटक लैजान पाइने छैन।

२. सफारीमा प्रयोग हुने सवारी (जीप, कार, भ्यान) डिजेल गाडीको हकमा १५ वर्ष र पेट्रोल गाडीको हकमा २० वर्षभन्दा पुरानो प्रयोगमा ल्याउन पाईने छैन ।

३. मध्यवर्ती सामुदायिक वन, कबुलियती वन, निजी वन वा मध्यवर्ती वन क्षेत्रमा सफारी गर्दा गराउदा सम्बन्धित वन कार्ययोजना वा व्यवस्थापन योजनामा उल्लेख भएमा तोकिएको मार्गमा मात्र सफारी अनुमति प्रदान गरिनेछ ।

४. तोकिएको मार्ग, समय र संख्यामा बाहेक मध्यवर्ती वनको संवेदनशिल जैविक विविधताको क्षेत्र र जैविक मार्गहरुमा सफारी गराउन पाईने छैन ।

५. प्रत्येक सफारीका सवारीमा अनुमितपत्र प्राप्त नेचर गाइड र चालकको व्यवस्था गरी सवारीसाधन, सवारीचालक र नेचर गाइडको विवरण सम्बन्धित कार्यालयमा दर्ता गर्नुपर्नेछ ।

६. मध्यवर्ती सामुदायिक वन, कबुलियती वा निजी वन क्षेत्रमा सफारी गर्दा गराउदा सम्बन्धित वन कार्ययोजनामा सो व्यवस्था उल्लेख भएमा मात्र सम्बन्धित उपभोक्ता समूहको सिफारिससाथ सम्बन्धित कार्यालयबाट अनुमति लिई गराउन पर्नेछ ।

७. सफारी सञ्चालन हुने वनहरुको व्यवस्थापन तथा कार्ययोजनामा जेसुकै लेखिएतापनि दिनको १२ बजेदेखी ३ बजेसम्म सफारी सञ्चालन गर्न पाईने छैन ।

८. सफारीमा प्रयोग हुने सबारीमा भेहिकल ट्र्याकीङ्ग प्रणाली जडीत हुनुपर्ने, तोकिएको स्थानमा मात्र रोक्ने, हर्न निषेध हुने, फोहोरमैलाको लागि बन्द डष्टविनको व्यवस्था र हरियो रङ्गरोगनको व्यवस्था हुनुपर्नेछ ।

९. सफारी गराउँदा निषेधित घोल तथा तालतलैया, वन्यजन्तुको नियमित क्रिडास्थल र संवेदनशील बासस्थान क्षेत्रमा प्रवेश गर्ने, होहल्ला गर्ने, लामो समय एकै वन्यजन्तुको पिछा ( follow) गर्ने गराउने कार्य गर्न पाईने छैन ।

**(ङ) अन्य साहसिक पर्यटकीय क्रियाकलाप**

१. यसका लागि आवश्यक संरचनाहरु स्थानीय परिवेश, संस्कृति र वातावरण सुहाउंदो हुने गरी बनाउनु पर्नेछ ।

२. यस सम्बन्धमा हिमाली तथा पहाडी संरक्षित क्षेत्र भित्र साहसिक पर्यटकीय सेवाहरू सञ्चालन गर्ने सम्बन्धी कार्यविधि, २०६७ बमोजिम हुनेछ ।

**८.३ पशुपालन उद्योग**

**(क) गाई, भैसी, सुंगुर, बंगुर, कुखुरापालन वा यस्तै अन्य उद्योगः**

१. मध्यवर्ती क्षेत्रका वन्यजन्तुसंग संसर्ग नहुने प्रबन्ध सम्बन्धी योजना हुनु पर्नेछ ।

२. घाँसको श्रोत तथा चरण क्षेत्र खुलेको हुनु पर्नेछ ।

३. नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

४. पशुको रोगव्याधि प्रकोप नियन्त्रण सम्बन्धी आकस्मिक सेवा उपलव्ध हुने व्यवसायिक योजना हुनु पर्ने तथा संक्रामक रोग रोकथामको खोप नियमित रुपले लगाउनु पर्नेछ ।

५. संक्रामक रोगबाट मरेको पशुपंक्षी नष्ट गर्ने सुरक्षित योजना पेश भएको हुनु पर्नेछ ।

६. वन क्षेत्रमा छाडा चरिचरण गराउन पाईने छैन ।

(ख) माछा पालनः

१. माछालाई पोखरीभित्र पूर्ण सुरक्षित राख्ने र प्राकृतिक ताल वा घोलमा उम्कन नदिने व्यवस्था गर्नु पर्नेछ ।

२. पोखरीबाट निस्कने पानी प्रदूषण नहुने व्यवस्था गर्नु पर्नेछ ।

३. संक्रामक रोगको रोकथामको व्यवसायिक योजना हुनु पर्ने तथा रोग रोकथामको खोप नियमित रुपले उपलव्ध गराउनु पर्नेछ ।

४. संक्रामक रोगबाट मरेका माछालाई नष्ट गर्ने सुरक्षित व्यवस्था हुनु पर्ने ।

(ग) दूध प्रशोधन तथा दूग्ध पदार्थ उत्पादन

१. आवश्यक इन्धन स्थायीरुपमा आपूर्तिको स्रोत खुलाएको हुनु पर्नेछ ।

२. निष्कासित फोहोर एवं रसायनिक पदार्थ सुरक्षित तवरबाट नष्ट गर्ने योजना हुनु पर्नेछ ।

३. ढल निकास पानीको स्रोतमा नमिसिने सुरक्षित व्यवस्था गरेको हुनु पर्नेछ ।

८.४) जलस्रोतमा आधारित उद्योग

(क) भूमिगत एवं सतही पानीमा आधारित मिनरल वाटर उत्पादन

१. जलचर प्राणीलाई असर नपर्ने गरी स्थापना र सञ्चालन गर्नु पर्नेछ ।

२. सिमसारको जलस्रोत आपूर्तिमा बाधा नपर्ने गरी स्थापना र सञ्चालन गर्नु पर्नेछ ।

३. भू-क्षय, भू-स्खलन हुन नपाउने सुरक्षित व्यवस्था गरी स्थापना र सञ्चालन गर्नु पर्नेछ ।

४. तल्लो क्षेत्रको सिंचाई, कुलो, खानेपानी आपूर्तिको निरन्तरतामा कुनै किसिमको बाधा पार्न पाइने छैन।

५. आवश्यक भवन स्थानीय वातावरण र संस्कृति सुहाउंदो बनाउनु पर्नेछ ।

६. एकै स्थानको जलस्रोतको उपयोग गर्ने भएमा पूर्व अध्ययन गरी सोको प्रतिवेदन र पूर्वसहमति पेश गर्नु पर्नेछ ।

७. प्रचलित कानुनले निषिद्ध गरेको स्थान वा क्षेत्रबाट भूमिगत एवं सतही पानीमा आधारित मिनरल वाटर उत्पादन गर्न पाइने छैन ।

८.५) खानी तथा खनिज पदार्थसम्बन्धी उद्योग

(क) ढुङ्गा, गिट्टी ग्राभेल, वालुवा खन्ने, चाल्ने वा झिक्ने उद्योगः

१. वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७ अनुसार वातावरणीय अध्ययन गर्नु पर्नेछ ।

२. उद्योगले कायम गर्नु पर्ने दुरी प्रचलित कानुन बमोजिम हुनु पर्नेछ ।

३. विष्फोटक पदार्थ प्रयोग गरी ढुङ्गा, गिट्टी, ग्राभेल झिक्न नपाइने ।

४. वन्यजन्तु विचरण हुने, पानी मुहान क्षेत्र, भू-स्खलनको संभावना भएको क्षेत्रबाट ढुङ्गा, गिट्टी ग्राभेल, वालुवा खन्न वा झिक्न निकाल्न पाइने छैन ।

५. खनिज पदार्थ निकालेको क्षेत्र वरपरका उपयुक्त स्थानहरुमा अनिवार्य रुपमा वृक्षारोपण गरी त्यसको संरक्षण र सम्वर्धन गर्नु पर्नेछ ।

६. प्रचलित कानुनले निषिद्ध गरेको स्थान वा क्षेत्रबाट ढुङ्गा, गिट्टी ग्राभेल, वालुवा खन्ने वा झिक्न पाइने छैन ।

७. ढुङ्गा, गिट्टी ग्राभेल, वालुवा उत्तखनन् कार्य गर्दा मानवीय वा वन्यजन्तुलाई क्षति पुग्न सक्ने गरी खाडल बनाई छोड्न पाइने छैन ।

**(ख) क्रसर उद्योग**

१. वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७ अनुसार वातावरणीय अध्ययन गर्नु पर्ने ।

२. वन्यजन्तुको वासस्थान र ओहर दोहरको दृष्टिकोणले महत्वपूर्ण क्षेत्रमा क्रसर उद्योग राख्न पाइने छैन ।

३. क्रसर उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थको स्रोत खुलाइएको व्यवसायिक योजना हुनु पर्नेछ ।

४. उद्योगबाट उत्पादन हुने Residue (चिप्स, गिटी, खस्रो वालुवा आदि) लाई स्थानीय वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी व्यवस्थापन गर्नु पर्नेछ । सो गर्दा त्यस्ता निष्कासित पदार्थले सिमसार क्षेत्रमा नकारात्मक असर नपर्ने व्यवस्थाको प्रत्याभूति सम्बन्धित उद्योगले गर्नु पर्नेछ ।

५. उद्योगबाट निस्कने हिलो वा यस्तै पदार्थ पानीको स्रोतमा प्रशोधन गरेर मात्र पठाउनु पर्नेछ ।

६. उद्योग र उद्योग क्षेत्र वरिपरी धुलो उड्न नदिनको लागि नियमित रुपमा पानी छर्ने (Sprinkle) व्यवस्था गर्नु पर्नेछ । धुलो उड्न नदिनेतर्फ सदैव क्रियाशील रहनु पर्नेछ ।

७. उद्योग सञ्चालन क्षेत्र वरपर वृक्षारोपण गरी हरियाली प्रवर्धन गर्नु पर्नेछ ।

८. उद्योगले कायम गर्नु पर्ने दुरी र अन्य विषय प्रचलित कानुन बमोजिम हुनु पर्नेछ ।

**(ग) ईटाभट्टा**

१. वनक्षेत्रबाट उद्योग प्रचलित कानुनले तोकेको दुरीमा मात्र स्थापना गर्न पाइनेछ ।

२. कच्चा पदार्थको श्रोत व्यवसायिक योजनामा खुलेको हुनु पर्नेछ ।

३. उद्योगले काठ दाउरा प्रयोग गर्नु पर्ने भएमा सोको श्रोत खुलेको हुनु पर्नेछ ।

**८.६) कपडा गार्मेण्टस वा गलैचा उद्योगः**

१. उद्योगबाट निस्कने प्रदूषण नियन्त्रण सम्बन्धी विषय व्यवसायिक योजनामा समावेश हुनु पर्नेछ ।

२. उद्योगबाट उत्पादित वस्तु खोला नदी नालामा धुन पखाल्न पाइने छैन ।

३. उद्योग भित्र उत्पादित वस्तु धोए पखालेको पानी प्रशोधन गरेर मात्र उद्योग बाहिर निस्कासन गर्नु पर्नेछ।

४. उद्योग स्थापना तथा सञ्चालनका सिलसिलामा निकुञ्ज वा आरक्ष कार्यालयबाट अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

८.७) अन्य उद्योग (रंग रोगन, साबुन, कागज, जुत्ता तथा छालाबाट उत्पादन हुने सामाग्री आदि)

१. कच्चा पदार्थको स्रोत तथा फोहर व्यवस्थापन सम्बन्धी विषय व्यवसायिक योजनामा खुलाउनु पर्नेछ ।

२. उद्योगबाट निष्काशन हुने तरल फोहर प्रशोधन गरेर मात्र उद्योग बाहिर निस्कासन गर्नु पर्ने।

३. छाला नदीनालामा धुन पखाल्न पाइने छैन ।

४. ध्वनि प्रदूषण हुन नपाउने व्यवस्था गर्नु पर्नेछ ।

५. उद्योग स्थापना तथा सञ्चालनका सिलसिलामा निकुञ्ज वा आरक्ष कार्यालयबाट अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

९. <u>पालना गर्नु पर्ने:</u> उद्योगहरुले माथि उल्लेख भएको दफाहरुमा सम्बन्धित उद्योगलाई तोकिएको शर्तहरुको साथै निम्न शर्तहरुको समेत पालना गर्नु पर्नेछ ।

(क) निष्काशित फोहोर सार्वजनिक स्थानमा फाल्न पाइने छैन ।

(ख) निष्काशित तरल तथा ठोस फोहोर पदार्थ सुरक्षितरुपमा तोकिएको स्थानमा व्यवस्थापन गर्नुपर्नेछ ।

(ग) कामदारको लागि चर्पीको व्यवस्था गर्नु पर्नेछ ।

(घ) स्थानीय व्यक्तिलाई रोजगारीको अवसरमा प्राथमिकता दिनु पर्नेछ ।

(ङ) उद्योगको लागि संरचना निर्माण गर्दा सार्वजनिक वनक्षेत्र, पानीको स्रोत तथा मुहान, खोला, नदीनाला, घोल, तालतलैया, सिमसार र वन्यजन्तुको बासस्थानमा अतिक्रमण वा कुनै प्रकारको हानि नोक्सानी पुर्याउन पाइने छैन।

१०. <u>व्यवसायिक योजना पेश गर्नु पर्ने:</u> मध्यवर्ती क्षेत्र भित्र उद्योग स्थापना तथा सञ्चालन गर्ने सहमति माग गर्दा यस मापदण्डलाई समेत आधार मानि उद्योग सञ्चालन सम्बन्धी तयार गरिएको व्यवसायिक योजना संलग्न रहेको हुनु पर्नेछ ।

११. <u>सिफारिस पेश गर्नु पर्ने:</u> मध्यवर्ती क्षेत्रमा स्थापना हुने उद्योगहरुले उद्योग स्थापना गर्नु पूर्व दर्ता गर्न सहमति दिने निकाय समक्ष आवश्यक कागजात पेश गर्दा सम्वन्धित स्थानीय तहको वडा कार्यालय र उपभोक्ता समितिको सिफारिस पेश गर्नु पर्नेछ । नियमानुसार सम्बन्धित मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिले तोकेबमोजिमको सेवा शुल्क उपभोक्ता समितिले लिन सक्नेछन् ।

१२. <u>कारवाही गर्न सकिने:</u> मापदण्ड पालना नगरेको वा मापदण्ड विपरीत उद्योग सञ्चालन गरेको पाइएमा संरक्षकले मापदण्डको पालना गर्न लिखित आदेश दिन सक्नेछ । संरक्षकले दिएको त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ । संरक्षकले तोकेको समयभित्र कुनै उद्योगले आदेशको पालना गरेको नपाइएमा ऐन बमोजिम कारवाही गरी उद्योग सञ्चालन बन्द गराउन उद्योग दर्ता गर्ने निकायलाई सिफारिस गर्न सक्नेछ।

१३. <u>विवाद समाधानः</u> यस मापदण्ड कार्यान्वयनको क्रममा कुनै विवाद उत्पन्न भएमा वा मापदण्डमा उल्लिखित विषयवस्तुमा अस्पष्टता भएमा अन्तिम निर्णय गर्ने अधिकार विभागमा हुनेछ।

१४. <u>प्रचलित कानुन बमोजिम हुनेः</u> प्रचलित कानुन बमोजिम अवलम्वन गर्नु पर्ने प्रक्रियागत कार्यविधि एवं अन्य प्रावधानहरु सोही कानुन बमोजिम हुनेछ । यस मापदण्डले त्यस्ता प्रावधानहरुलाई बाधा पुर्याएको मानिने छैन।

१५. <u>खारेजी र बचाउः</u> (१) मध्यवर्ती क्षेत्रमा (उद्योग स्थापना र सञ्चालन) मापदण्ड, २०६२ खारेज गरिएको छ ।

(२) मध्यवर्ती क्षेत्रमा (उद्योग स्थापना र सञ्चालन) मापदण्ड, २०६२ बमोजिम भएको काम कारवाही यसै मापदण्ड बमोजिम भए गरेको मानिने छ ।